# राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृती र नागरिक वचाउ महाअभियान

तीनकुने, कोटेश्वर, काठमाण्डौं नेपाल

मितिः २०८१ फाल्गुण २४

विषयः कार्यक्रमको सफलताको हार्दिक शुभकामना ।

सरकार,

आज मिति २०८१ साल फाल्गुण २४ गते विरगंज घण्टाघरमा हुने राष्ट्रिय नागरिक संघर्ष समितिको आयोजनामा र राष्ट्रि प्रजातन्त्र पार्टि पर्साको सह-आयोजना लगायत सवै राष्ट्रभक्त, देशप्रमीहरुको ऐक्यवद्धतामा हुने वृहत आमसभा कार्यक्रम रहेको जानकारी पाउँदा मलाई निकै खुसी लागेको छ । २५ फाल्गुण २०८१ आईतवारका दिन श्री ५ महाराजधिराज ज्ञानेन्द्र विरविक्रम शाहदेव सरकारको त्रिभुवन अन्तराष्ट्रिय विमानास्थलमा विशेष आगमन हुनुभई निवास तर्फ जाने विशेष र ऐतिहासिक कार्यक्रम रहेको हुँदा मेरो कार्य व्यस्तताका वावजुत विरगंज घण्टाघरमा आज हुने वृहत आमसभा कार्यक्रममा उपस्थित हुन नसेकेता पनि उक्त कार्यक्रमको भव्य र सव्य सफलताको शुभकामना व्यक्त गर्दै राष्ट्र, राष्ट्रियता, धर्म संस्कृती नागरिक वचाउ महाअभियान केन्द्र नेपालको तर्फबाट पूर्ण समर्थन गर्दछु साथै हाम्रा महाअभियानमा जोडिएका सम्पूर्ण अभियान्ता, सदस्य र शुभचिन्तकहरुलाई विरगंज घण्टाघरमा हुने वृहत आमसभा कार्यक्रममा सक्रिय उपस्थितीको लागि हार्दिक आव्हान गर्दछु ।

२५ फाल्गुण २०८१ आईतवारका दिन श्री ५ महाराजधिराज ज्ञानेन्द्र विरविक्रम शाहदेव सरकारको त्रिभुवन अन्तराष्ट्रिय विमानास्थलमा विशेष आगमन हुनुभई निवास तर्फ जाने विशेष र ऐतिहासिक कार्यक्रममा सम्पूर्ण देशभक्त, राष्ट्रप्रेमी, सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीवहिनीहरुलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल वरपर जम्मा भई विशेष र ऐतिहासिक कार्यक्रम पूर्णरुपमा सफल पारिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

.............................

श्री दुर्गा प्रसाद प्रसाई
संयोजक
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृती र
नागरिक वचाउ महाअभियान नेपाल

Scanned with

# Lokendra Bahadur Chand

**Former Prime Minister**

**Residence: Lokanthali, Madhyapur Thimi-16, Bhaktapur**
**Tel: 01-5182227**


## शुभकामना

मुलुकको परिस्थिती नियाल्दा हालत असल छैन । यो परिस्थिती अहिलेको सरकारको पालामा मात्र नभई अरु सरकार हुँदा पनि देखा पर्न थालेकै थियो । यसैले हामीले फर्केर हेर्न जरुरीछ र केही यस्ता उपायहरुलाई नै पद्धतिमा सामेल गर्न जरुरी छ । जस्ले गर्दा जनतामा व्याप्त निराशा र मुलकमा अव केही हुँदैन भन्ने भावना हटेर जावस, आजको समयमा जनताको उत्साह र बल नै मुलुकको बल हो । यसर्थ केही यस्तो पद्धतिको विकास गर्न जरुरी छ । जस्ले जनतामा रहेको निराशा हटेर जावस अहिले संविधान संसोधन गर्ने कुरा चलिरहेको बेला यस कुराको ध्यान दिनुपर्दछ । साथै मुलुकमा एक निष्पक्ष अभिभावकको जरुरत छ भन्ने कुरा बेलाबेला देखा परिरहन्छ । यस सन्दर्भमामा राजसंस्थाको भुमिका पनि जरुरी छ भन्ने मलाई लाग्छ । राष्ट्रिय नांगरिक संघर्ष समिति र राष्ट्रिय प्रजातन्त्र पार्टीले यसतर्फ अभियान थालेकोमा म धन्यवाद दिदै सफलताको कामना गर्दछु ।

लोकेन्द्र बहादुर चन्द
पुर्व प्रधानमन्त्री

श्रीमान् नरेश बहादुर सिंहज्यू
संयोजक, राष्ट्रिय नागरिक संघर्ष समिति
बीरगञ्ज, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल ।

बिषय: <u>सफलताको शुभकामना</u> ।

बिक्रम संवत् २०४६ सालको राजनीतिक परिवर्तन पछि र विशेष गरी २०६३ साल बैशाख १० गतेको त्रीपक्षीय सहमतिद्वारा भएको राजनीतिक परिवर्तन पछि आन्तरिक र वाह्य कारणहरुद्वारा देशमा राष्ट्रको स्वतन्त्रता एवं सम्प्रभूतालाई नै चुनौती दिने गरी उत्पन्न समस्याहरुको निकास राजसंस्था सहितको प्रजातन्त्रको माध्यमबाट खोज्ने शिलशिलामा यहाँहरुको सकृयतामा यही फागुन २४ गते बृहद आमसभाको आयोजना भैरहेको थाहा पाएर मलाई खुशि लागेको छ । स्वास्थको करण तपाईंहरुद्वारा आयोजित यस बृहद आमसभामा मेरो सहभागीता हुन नसकेकोमा क्षमाप्रार्थी छु ।

यहाँहरुबाट अपेक्षा गरिएको "<u>राजसंस्था सहितको प्रजातन्त्र</u>" मा राजसंस्थाको भूमिका कस्तो रहनेछ, कस्तो प्रजातान्त्रिक प्रणाली रहनेछ, मासिन लागेको राष्ट्रिय स्वतन्त्रता र सम्प्रभूताको कसरी संरक्षण गरिने छ र कसरी जनताको समृद्धि र खुशि बढाइने छ भन्ने बिषयमा जनतामा बाँकी रहेका जिज्ञासुहरुको सम्बोधन हुने गरि विद्वान बक्ता र अभियानकर्ताहरुबाट बिचार प्रस्तुत हुने नै छन् भन्ने अपेक्षा गर्दछु ।

समष्टीमा, परिवर्तनको क्रमबाट गुज्रिन थालेको वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा आयोजित ये बृहद सभामा जनताको उपरोक्त जिज्ञासाहरुलाई सम्बोधन गर्दै सफल हुन सकोस् भन्ने हार्दिक शुभकामना ब्यक्त गर्दछु । धेरै,धेरै धन्यवाद !

तपाईहरुको हितैषी
सी.पी. मैनाली
महासचिब: नेकपा (माले),
पूर्ब उपप्रधानमन्त्री

२३ फागुन, २०८१, काठमाडौं ।

हार्दिक शुभ कामना

२०८१।११।२४

राष्टिय नागरिक संघर्ष समिति पर्साको आयोजन तथा राष्ट्रिय प्रजातन्त्र पर्टी पर्साको सहआयोजन र विभिन्न संघ, संस्थाहरुको एक्यबद्धतामा वीरहरुको भूमि वीरगञ्जमा आयोजना गरिएको बृहत्  आम सभाको पूर्ण सफलताका लागि हार्दिक मङ्गलमय शुभ कामना अभिव्यक्त गर्दछु।यस बृहत् आम सभाको एक्यबद्धताबाट नेपालमा धर्म र राजतन्त्र चिरस्थायी होओस्। मेरो यही शुभ कामना छ।

डा. जगमान गुरुङ

